आज मिति २०७६ साल मङ्सीर ९ गते सोमबारका दिन विहान ७:३० बजे यस नगरपालिकाको ४२ औं कार्यापालिका बैठक नगरप्रमुख श्री शिवप्रसाद ढकालज्यूको अध्यक्षतामा पूर्वाञ्चल विश्वविद्यालयको परिषरमा देहाय बमोजिमको कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा बस्यो ।

| हस्ताक्षर | पद | नामथर | कैफियत |
|---|---|---|---|
| | नगरप्रमुख/अध्यक्ष | श्री शिवप्रसाद ढकाल | |
| | उप-प्रमुख | श्री धनमाया तामाङ | |
| | कार्यपालिका सदस्य | श्री विनोदबहादुर बस्नेत | |
| | कार्यपालिका सदस्य | श्री डोरीलाल चौधरी | |
| | कार्यपालिका सदस्य | श्री जीवनप्रसाद ढुंगाना | |
| | कार्यपालिका सदस्य | श्री शैलेन्द्र श्रेष्ठ | |
| | कार्यपालिका सदस्य | श्री रामप्रसाद रिजाल | |
| | कार्यपालिका सदस्य | श्री जीवनकुमार राई | |
| | कार्यपालिका सदस्य | श्री चैतन्यप्रसाद सिटौला | |
| | कार्यपालिका सदस्य | श्री खेमप्रसाद न्यौपाने | |
| | कार्यपालिका सदस्य | श्री राजकुमार कार्की | |
| | कार्यपालिका सदस्य | श्री राजेन्द्रबहादुर थापा | |
| | कार्यपालिका सदस्य | श्री विशनलाल चौधरी | |
| | कार्यपालिका सदस्य | श्री रोशनप्रसाद ढकाल | |
| | कार्यपालिका सदस्य | श्री सिता नेपाली | |
| | कार्यपालिका सदस्य | श्री हेमकुमारी विश्वकर्मा | |
| | कार्यपालिका सदस्य | श्री उमादेवी गुरुङ | |
| | कार्यपालिका सदस्य | श्री तारा घिमिरे | |
| | कार्यपालिका सदस्य | श्री उर्मिला शर्मा रिजाल | |
| | कार्यपालिका सदस्य | श्री भक्तकिरण राई | |
| | कार्यपालिका सदस्य | श्री हर्कराज परियार | |
| | कार्यपालिका सदस्य | श्री रामलाल गच्छदार | |
| | सचिव | श्री गणेशप्रसाद दाहाल | |
| आमन्त्रित : | | | |
| | अधिकृतस्तर आठौं | श्री ध्रुवकुमार भण्डारी | |
| | लेखा अधिकृत | श्री टेकनाथ रेग्मी | |
| | सू.प्र.अ. | श्री रोशन खनाल | |

| | | | |
|---|---|---|---|
| | अधिकृतस्तर छैठौं | श्री देवीप्रसाद खड्का | |
| | ना.सु. | श्री रोहित निरौला | |
| | लेखापाल | श्री शालिग्राम दाहाल | |
| | क.अ. | श्री बाबुराम भट्टराई | |
| | क.अ. | श्री निरज न्यौपाने | |
| | कार्यालय सहायक | श्री दिपक बजगाई | |
| | हलुका सवारी चालक | टेकबहादुर सत्याल | |
| | हलुका सवारी चालक | डेबिट खत्री | |
| | हलुका सवारी चालक | सोमबहादुर मगर | |
| | हलुका सवारी चालक | हरिलाल चौधरी | |
| | कार्यालय सहयोगी | दिवस कार्की | |
| | पि.य.सो. | फुर्वा शेर्पा | |
| | कार्यालय सहयोगी | उमा कटुवाल | |

**प्रस्ताव नं. १**

**स्थायी नियुक्ति अनुमोदन सम्बन्धमा ।**

**निर्णय** : प्रस्ताव नं. १ माथि छलफल गर्दा लोकसेवा अयोग प्रश्नपत्र निर्माण एवम् अर्न्तवाता तथा सिफारिस महाशाखाको प.सं. अ.सि. ८(५)/०७६-७७ च.नं. १६ मिति २०७६/०७/२६ को पत्र एवम् संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय स्थानिय तह कर्मचारी प्रशासन शाखाको च.नं. ५३ मिति २०७६/०७/२७ को पत्र तथा सुन्दरहरैंचा नगरकार्यपालिकाको कार्यालयको मिति २०७६/०७/२८ को निर्णयबाट नेपाल प्रशासन सेवा लेखा समूह आलेप अधिकृत अधिकृत स्तर छैठौं पदमा नियुक्ति हुनु भएको श्री श्रृजना कोइरालाको नियुक्ति अनुमोदन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २**

**घ वर्गको निर्माण व्यवसायि ईजाजत पत्र सम्बन्धमा ।**

**निर्णय** : घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धि कार्यविधि २०७५ को दफा ४ को उपदफा २ को समितिबाट सोही दफाको उपदफा ४ बमोजिम तपशिलका निर्माण व्यवसायिहरुलाई घ वर्गको ईजाजत प्रदान गर्न सिफारिस प्राप्त भएकोले सोही कार्यविधिको दफा ४ को उपदफा ५ बमोजिम घ वर्गको निर्माण व्यवसायि ईजाजत पत्र प्रदान गर्ने निर्णय गरियो ।

**तपशिल**

१. आर.सी. कन्स्ट्रक्सन, सुन्दरहरैंचा-१२, मोरङ । (प्रो. रामचन्द्र गिरी)
२. बोधराज कन्स्ट्रक्सन, सुन्दरहरैंचा-७, मोरङ । (प्रो. कमल पराजुली)
३. पुष्प कन्स्ट्रक्सन, सुन्दरहरैंचा-३, मोरङ । (प्रो. पुष्प कार्की)

**प्रस्ताव नं. ३**

**विद्यालय गाभ्ने सम्बन्धमा ।**

**निर्णय** : शिक्षा निकेतन मा.वि. सुन्दरहरैंचा-८ र सूर्योदय आधारभुत विद्यालय सुन्दरहरैंचा-८ बिच आपसमा गाभ्ने गरि सम्बन्धित विद्यालयहरुबाट सहमति प्राप्त भएको हुदाँ सुन्दरहरैंचा नगरपालिकाको शिक्षा कार्यविधि २०७५ को नियम १६(१) बमोजिमको श्री सूर्योदय आधारभूत विद्यालय सुन्दरहरैंचा-८ को अवस्था विद्यमान भएको हुदाँ नियम १६ को उपनियम २ बमोजिम श्री सूर्योदय आधारभूत विद्यालय सुन्दरहरैंचा-८ लाई श्री शिक्षा निकेतन माध्यमिक विद्यालय सुन्दरहरैंचा-८ मा गाभ्ने निर्णय गरियो । हाललाई श्री सूर्योदय आधारभूत विद्यालयमा भएको शिक्षक दरबन्दी, कर्मचारी श्री शिक्षा निकेतन मा. वि. सुन्दरहरैंचा-८ मा कामकाज गर्ने गरी तोक्ने र विद्यालयको सम्पूर्ण सम्पत्ती (नगदी, जिन्सी तथा जग्गा जमिन समेत) श्री शिक्षा निकेतन मा.वि. सुन्दरहरैंचा-८ लाई हस्तान्तरण गर्न सम्बन्धित विद्यालयलाई जानकारी दिने निर्णय गरियो । साथै उक्त निर्णय सम्बन्धित सबै निकायमा जानकारी गराउने निर्णय गरियो।

**प्रस्ताव नं. ४**

**पूर्वाञ्चल विश्वविद्यालयको दिक्षान्त समारोह सम्बन्धमा।**

**निर्णय** : पूर्वाञ्चल विश्वविद्यालयको आसन्न दिक्षान्त समारोहलाई मध्यनजर राखी गोठगाउँ विश्व विद्यालय सडक खण्ड र चन्द्रनगर देखि विश्व विद्यालय सम्म जाने दुवै सडक खण्ड मर्मत निर्माणको लागि लागत अनुमान तयार गरी नगरको आन्तरिक श्रोतबाट खर्चहुने गरी सडक निर्माण गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५**

नदिजन्य पदार्थ संकलन विक्रि मूल्यको ठेक्काको म्याद थप सम्बन्धमा ।

**निर्णयः** यस नगरपालिकाको आन्तरीक श्रोत अन्तर्गत खोला ठेक्का रकम संकलनका लागि छनौट भएको स्वामिनारायण निर्माण सेवा प्रा.ली. ले अस्थायी अनुमतिको म्याद थपका लागि दिएको निवेदन उपर नगरकार्यपालिकाको कार्यालयले गरेको म्याद थपको निर्णय अनुमोदन गर्दै उक्त ठेकेदार कम्पनीलाई माग भए बमोजिम मंसिर २१ गते सम्मको अस्थायी अनुमति थप गरी सम्झौताको आबश्यक प्रक्रिया पुरा गर्न नगर कार्यपालिकाको कार्यालयलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरीयो ।